# पञ्चपुरी नगरपालिका
# नगरकार्यपालिकाको कार्यालय
## बावियाचौर, सुर्खेत
## कर्णाली प्रदेश, नेपाल

**सेवा करारमा कर्मचारी आवश्यकता सम्बन्धी सूचना**

**प्रथम पटक प्रकाशित मितिः-२०७९/०९/१२**

यस नगरपालिकामा सञ्चालित नेपाल जलवायु परिवर्तन सहयोग कार्यक्रम, दोस्रो चरणका लागि तपसिल बमोजिमको पदमा सेवा करारमा कामकाज गर्न कर्मचारी राख्नु पर्ने भएकोले योग्यता पुगेका इच्छुक नेपाली नागरिकहरुले यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिनभित्र र पन्ध्रौं दिनका दिन बिदा परेमा सो को भोलिपल्टसम्म कार्यालय खुलेको समयमा नगरपालिकाबाट निर्धारित फाराम भरी तोकिएको शुल्क तिरि रितपुर्वकको आवेदन दिनुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

<u>तपसिलः-</u>

| विज्ञापन नं. | सेवा | पद/ तह | शैक्षिक योग्यता / अनुभव | माग पद संख्या | कैफियत |
|---|---|---|---|---|---|
| ५-०७९/०८० | इन्जिनियरिङ | सब-इन्जिनियर/ सहायक स्तर पाँचौ वा सो सरह | मान्यता प्राप्त शिक्षण संस्थाबाट सिभिल इन्जिनियरिङ बिषयमा कम्तिमा प्रमाण-पत्र तह वा सो सरह उत्तिर्ण गरेको । | १ (एक) | |
| ६-०७९/०८० | - | सामाजिक परिचालक / सहायक स्तर पाँचौ वा सो सरह | मान्यता प्राप्त शिक्षण संस्थाबाट कम्तिमा कक्षा १२ (१०+२) वा सो सरह वा प्रवेशिका परिक्षा उत्तिर्ण गरि CTEVT बाट सम्बन्धन प्राप्त संस्थाहरुबाट सामाजिक परिचालन सम्बन्धी १२ महिने तालिम उत्तिर्ण गरेको । | १ (एक) | |

**परीक्षाको किसिम :-** लिखित तथा अन्तर्वार्ता ।

**परीक्षा केन्द्र :-** पञ्चपुरी नगरपालिका नगरकार्यपालिकाको कार्यालय बाबियाचौर, सुर्खेत ।

**दरखास्त दस्तुरः-** • परीक्षा दस्तुर बापत रु. ५००/- (पाँच सय रुपैंया) बुझाउनु पर्नेछ। परीक्षा दस्तुर नगरपालिकाको राजस्व शाखामा जम्मा गर्न सकिनेछ ।

**दरखास्त दिने स्थान :-** पञ्चपुरी नगरपालिका नगरकार्यपालिकाको कार्यालय बावियाचौर, सुर्खेत ।

**दरखास्त दिने अबधि :-** मिति २०७९/०९/२६ गते कार्यालय समयसम्म र सो दिन बिदा परेमा सोको भोलिपल्ट कार्यालय समयसम्म।

**दरखास्त दिने माध्यम :-** आवेदककर्ता स्वयं उपस्थित भई नगरपालिकाको कार्यालयबाट तोकिए बमोजिमको दरखास्त फारम भर्नु पर्नेछ। दरखास्त फारम यस नगरपालिकाको वेभसाइट ***www.panchapurimun.gov.np*** बाट प्राप्त गर्न सकिनेछ ।

**आवश्यक कागजातहरु :-** आवदेकले आफ्नो व्यक्तिगत विवरण (Bio–Data)का साथ हालसालै खिचेको पासपोर्ट साइजको रंगिन फोटो तीन प्रति ,शैक्षिक योग्यताको प्रमाणपत्रहरुको प्रतिलिपि, नेपाली नागरिकताको प्रतिलिपि, चारित्रिक प्रमाण पत्र र अनुभवको प्रमाणपत्रको प्रतिलिपि, तालिम लिएको भए तालिमको प्रमाणपत्रहरुको प्रतिलिपि प्रमाणित गरी पेश गर्नुपर्नेछ ।

**उमेरः-** दरखास्त दिने अन्तिम मितिसम्म १८ वर्ष पुरा भई ३५ वर्ष ननाघेको । ( महिलाको हकमा १८ बर्ष पुरा भई ४० बर्ष ननाघेको )।

**तलब स्केलः-** । स्थानीय सेवाको सहायकस्तर पाँचौ तहको सुरु तलब स्केल बापतको रकम मासिक रुपमा उपलब्ध गराइनेछ । अन्य सुविधा सेवा करार सम्झौता बमोजिम हुनेछ ।

**सम्पर्क मिति :-** दरखास्त दिने अन्तिम म्यादको भोलिपल्ट दिउसो २ बजे ।लिखित परीक्षाको मिति सोहि दिन तोकिनेछ ।

*थप जानकारीको लागि सम्पर्क न ०८३-४१६०६७ मा सम्पर्क गर्न तथा* ***www.panchapurimun.gov.np*** *मा हेर्न सक्नुहुनेछ।*

गोकर्ण नाथ योगी
[प्र]मुख प्रशासकीय अधिकृत